आज मिति २०८२।०१।१० गते बुधबारका दिन यस गाउँपालिकाको अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | १ नं. वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | २ नं. वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं<br>३ नं. वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | ४ नं. वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | ५ नं. वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | ६ नं. वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | ७ नं. वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. उद्गाम तिमिल्सिना , वरिष्ठ लेखा अधिकृत

२. बासु पण्डित, वरिष्ठ शाखा अधिकृत

३. तेज कुमार धमला अधिकृत छैटौं

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्याः ५३
अध्यक्षताः श्री दान बहादुर गुरुङ
बैठक मितिः २०८२।०१।१०
बैठक स्थानः इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
बैठक समयः विहान १०:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८२।०१।१० | १०:०० बजे | गाउँपालिकाको प्रशासनिक भवन समुद्घाटन कार्यक्रमको खर्च अनुमोदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १ |
| २०८२।०१।१० | १०:१५ बजे | आ.व.२०८०।०८१ को हिसाब मिलान सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| २०८२।०१।१० | १०:२० बजे | पशु स्वास्थ्य तथा पशु व्यवसाय प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा। | पशु विकास शाखा | ३ |
| २०८२।०१।१० | १०:२५ बजे | जीवन बगर र कालीखोलाको IEE Report सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ४ |
| २०८२।०१।१० | १०:३० बजे | आरन निर्माण सम्बन्धमा। | सामाजिक विकास शाखा | ५ |
| २०८२।०१।१० | १०:३५ बजे | विभिन्न विद्यालयहरुको लागि आवश्यक रंगरोगन, मर्मत सम्भार तथा डेक्स बेन्च व्यवस्थापन सम्बन्धमा। | शिक्षा शाखा | ६ |
| २०८२।०१।१० | १०:४० बजे | इच्छाकामना आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको सदस्य तोक्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ७ |
| २०८२।०१।१० | १०:४५ बजे | NCB/IRM/05/077/078, Hattibang Chauki Sadak Excavation Works सम्बन्धमा। | पूर्वाधार/योजना शाखा | ८ |
| २०८२।०१।१० | १०:५० बजे | आ.व. २०८२।०८३ का लागि बागमती प्रदेश सरकार अन्तर्गतका विभिन्न मन्त्रालयहरु समक्ष योजना तथा बजेट माग सम्बन्धमा। | योजना शाखा | ९ |
| २०८२।०१।१० | ११:०० बजे | बेसार खेती सहयोगका लागि ५०% लागत अनुदानमा कार्यक्रम सञ्चालनको लागि अनुदान उपलब्ध गराउने सम्बन्धमा। | कृषि विकास शाखा | १० |

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।१२।२२ मा बसेको ५२ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**मिति २०८२।०१।१० मा बसेको ५३ औं कार्यपालिका बैठकको निर्णयहरुः**

**निर्णय नं.१:** मिति २०८२ बैशाख ५ गते सम्माननीय प्रधानमन्त्री के पी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न यस इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको प्रशासनिक भवन समुद्घाटन कार्यक्रमको सम्पूर्ण खर्च अनुमोदन गर्ने।

**निर्णय नं.२:** यस गाँउपालिकाको आर्थिक वर्षगत रुपमा शुरु मौज्दात तथा अन्तिम मौज्दात रकमको बैंक नगदी किताबबैंक हिसाब मिलान विवरण र महालेखा परीक्षकको प्रतिवेदनको मौज्दात ,बैंक स्टेटमेन्ट , अङ्कको व्यहोरा सम्बन्धमा छानबिन गरी एकिन राय सहितको जवाफ र सो लाई पुष्टि हुने प्रमाण समेत असार मसान्तसम्म पेश गर्ने प्रतिबद्धता सहित हाललाई फरक हिसाब रकम सैद्धान्तिक बेरुजु कायम गर्न महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने तथा असार मसान्तसम्म सो सम्बन्धी एकिन हिसाब सहितको विवरण पेश गरी सैद्धान्तिक बेरुजु समेत फछ्यौंट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने।

**निर्णय नं.३:** पशु स्वास्थ्य तथा पशु व्यवसाय प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०८२ स्वीकृत गर्ने।

**निर्णय नं.४:** यस गाउँपालिकाको वडा नं. ३ मा पर्ने त्रिशुली नदी किनारको जीवन बगर र वडा नं. ६ मा पर्ने काली खोला क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/सङ्कलन गर्ने प्रयोजनको लागि एन.के.ए. ईन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि., तारकेश्वर न.पा.-४, काठमाडौंले तयार गरी पेश गरेको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने।

**निर्णय नं.५:** आ.व. २०८१।०८२ को स्वीकृत बार्षिक कार्यक्रम दलित समुदायका लागि सिप विकास तथा सहायता सामाग्री सहयोग कार्यक्रमबाट २ नं. वडा गुचिवाङमा रहेका दलित समुदाय (हाल कालिका न.पा.) ले सञ्चालन गरिरहेको आरन सुधारका लागि प्राविधिक बिल बमोजिम बढिमा रु. ५०,०००।-(अक्षरेपि पचास हजार मात्र) रकम उपलब्ध गराउने।

**निर्णय नं.६:** यस गाउँपालिका क्षेत्रभित्रका तपसिलमा उल्लिखित सामुदायिक विद्यालयहरुलाई तपसिल अनुसार अनुदान उपलब्ध गराउने।

तपसिलः

(क) वडा नं. ७ मा रहेको श्री राष्ट्रिय आधारभूत विद्यालय, खेतबारीको नवनिर्मित भवनको कक्षाकोठाहरु रंगरोगन गर्नको लागि शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट बढीमा रु. ७५,०००।-(अक्षरेपि पचहत्तर हजार मात्र) अनुदान उपलब्ध गराउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

(ख) वडा नं.२ मा रहेको श्री सिद्धकालिका मा.वि. विद्यालय., छापडाँडाको विद्यालयको छानो हुरीबतासले उडाएकोले उक्त विद्यालयको छानो छाउनको लागि शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट प्राविधिक बिल बमोजिम बढिमा रु. ८०,०००।-(अक्षेरेपि असी हजार मात्र) रकम अनुदान स्वरुप उपलब्ध गराउने।

(ग) वडा नं.२ मा रहेको राष्ट्रिय आधारभूत विद्यालय हुस्तीको शाखा शिशु विद्यालय, ठाडोखोलाको कक्षाकोठाहरु रंगरोगन गर्न तथा डेक्स बेन्च निर्माण गर्नको लागि शैक्षिक संस्थाहरुलाई सहायता शिर्षकबाट प्राविधिक बिल बमोजिम बढिमा रु. ६०,०००।-(अक्षेरेपि साठ्ठी हजार मात्र) रकम अनुदान स्वरुप उपलब्ध गराउने।

<u>निर्णय नं.७:</u> इच्छाकामना आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यबिधि, २०८० को दफा ३ (च) मा व्यवस्था भए बमोजिम इच्छाकामना गाउँपालिका वडा नं. ३ बस्ने श्री प्रकाश अधिकारीलाई समितिको सदस्य तोक्ने।

<u>निर्णय नं.८:</u> मिति २०८०।०३।०३ को गाउँपालिका कार्यालयको निर्णय तथा मिति २०८२।०१।०९ को भूगर्भशास्त्रीको स्थलगत प्रतिवेदन समेतको आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(२)(ख) र (घ) बमोजिम कार्यालयलाई थप आर्थिक दायित्व सिर्जना नहुनेगरी ठेक्का नं. NCB/IRM/05/077/078, Hattibang Chauki Sadak Excavation Works को खरिद सम्झौता सुविधाको आधारमा अन्त्य गर्ने तथा सम्बन्धित निर्माण व्यवसायीको कार्यसम्पादन जमानत फुकुवा गर्ने।

<u>निर्णय नं.९:</u> आ.व. २०८२।०८३ को लागि बागमती प्रदेश सरकारका विभिन्न मन्त्रालयहरु समक्ष तपसिल बमोजिमका योजनाहरु माग गर्ने।

<u>तपसिल:</u>

| क्र.सं. | योजनाको नाम | वडा नं. | आवश्यक (बजेट रु). | कैफियत |
|---|---|---|---|---|
| १. | काउले आधारभूत स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न | इ.गा.पा.-१ | ३० लाख | अपुरो कार्य पुरा गर्न निरन्तरताको लागि |
| २. | आधारभूत स्वास्थ्य चौकी स्याङ्दी भौतिक पूर्वाधार निर्माण | इ.गा.पा.-१ | ३० लाख | |
| ३. | आधारभूत स्वास्थ्य चौकी पामडाँडा स्वास्थ्य चौकी घेराबार | इ.गा.पा.-५ | २० लाख | |
| ४. | सामुदायिक स्वास्थ्य ईकाइ भाराङ भौतिक पूर्वाधार निर्माण | इ.गा.पा.-१ | ३० लाख | |
| ५. | इच्छाकामना आधारभूत अस्पताल संरक्षण तथा कम्पाउण्ड निर्माण | इ.गा.पा.-४ | ५० लाख | |
| ६. | इच्छाकामना आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन | इ.गा.पा.-४ | ५० लाख | निरन्तरताको लागि |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ७. | जलविरे लामो झरना सौन्दर्यीकरण र पूर्वाधार निर्माण | इ.गा.पा.-६ | ५० लाख | |
| ८. | इच्छाकामना मन्दिर परिसरमा भौतिक पूर्वाधार निर्माण | इ.गा.पा.-५ | ५० लाख | |
| ९. | उपर्दाङगढी सिंढीबाटो र घेराबार | | ५० लाख | |
| १०. | उपर्दाङगढी देखि सिराईचुलीसम्म पुग्ने पर्यटकीय पैदलमार्ग र भौतिक पूर्वाधार निर्माण | इ.गा.पा.-१ र ७ | ५० लाख | |
| ११. | घुर्केश सामुदायिक होमस्टे संस्कृति प्रदर्शन भवन तथा सिँढीबाटो निर्माण | इ.गा.पा.-२ | ३० लाख | |
| १२. | बाख्रापालन प्रबर्द्धन कार्यक्रम | सबै वडा | ५० लाख | निरन्तरताको लागि |
| १३. | सुन्तला प्रबर्द्धन कार्यक्रम | सबै वडा | ५० लाख | निरन्तरताको लागि |
| १४. | रैथाने बाली कोदो), फापर, मकै, गहुँ, जौ, ( खेतीप्रबर्द्धन कार्यक्रम | सबै वडा | २० लाख | |
| १५. | बाहुनटार खोलाघारी सिंचाई कुलो निर्माण | इ.गा.पा.-६ | ३० लाख | |
| १६. | गर्दास झाङझुङ्गे सिँचाई तथा तटबन्धन | इ.गा.पा.-७ | ५० लाख | |
| १७. | सिमलढाप सिँचाई तथा तटबन्धन | इ.गा.पा.-७ | ५० लाख | |
| १८. | श्री मा.वि. ढुङ्ग्रे भवन निर्माण | इ.गा.पा.-६ | १ करोड | |
| १९. | श्री राष्ट्रिय आधारभूत विद्यालय चनौटे भवन निर्माण | इ.गा.पा.-६ | ५० लाख | |
| २०. | श्री राष्ट्रिय मा.वि. हात्तीबाङ विद्यालय भवन मर्मत | इ.गा.पा.-१ | ५० लाख | |
| २१. | श्री रा.आ.वि. पामडाँडा विद्यालय भवन निर्माण | इ.गा.पा.-५ | ५० लाख | |
| २२. | श्री देउराली रा.आ.वि. सुन्दरबस्ती विद्यालय भवन निर्माण | इ.गा.पा.-७ | १ करोड | |
| २३. | भोटेश्वरा सामुदायिक भवन निर्माण | इ.गा.पा.-५ | ३० लाख | |
| २४. | श्री रा.आ.वि. भोटेगाउँ विद्यालय भवन मर्मत सुधार | इ.गा.पा.-२ | ३० लाख | |
| २५. | श्री सिद्धकालीका रा.आ.वि. छापडाँडा विद्यालय भवन मर्मत सुधार | इ.गा.पा.-२ | ३० लाख | |
| २६. | श्री जनप्रिय मा.वि. काउले विद्यालय पूर्वाधार निर्माण | इ.गा.पा.-२ | ५० लाख | |
| २७. | श्री सिराईचुली आधारभूत विद्यालय ज्यानदाला विद्यालय घेराबार | इ.गा.पा.-१ | ३० लाख | |
| २८. | मगर भञ्ज्याङ मेट्राङ सडक स्तरोन्नती | इ.गा.पा.-१ | ५० लाख | |
| २९. | चौकीडाँडा थाप्राङ जौतेस कालिङ सडक स्तरोन्नती | इ.गा.पा.-१ | ५० लाख | |
| ३०. | हात्तीबाङ तार्सेलिङ सडक स्तरोन्नती | इ.गा.पा.-१ | ५०लाख | |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३१. | वर्ल्याङ हपनी काउले सडक स्तरोन्नती | इ.गा.पा.-२ | ५० लाख | |
| ३२. | काउले भोटेगाउँ सडक स्तरोन्नती | इ.गा.पा.-२ | ५० लाख | |
| ३३. | चौतारा देखि इच्छाकामना मन्दिरसम्म सडक स्तरोन्नती | इ.गा.पा.-३ | ५० लाख | |
| ३४. | कुरिनघाट कमेरे सडक स्तरोन्नती | इ.गा.पा.-३ | ५० लाख | |
| ३५. | चुम्लिङटार रुप्लाङ सडक स्तरोन्नती | इ.गा.पा.-३ | ५० लाख | |
| ३६. | नयाँबस्ती वेलडाँडा लामीडाँडा स्याकलाङ सडक स्तरोन्नती | इ.गा.पा.-४ | १ करोड | |
| ३७. | केवलकार बाझगाउँ सडक स्तरोन्नती | इ.गा.पा.-४ | ५० लाख | |
| ३८. | मुग्लिङ्ग तामिन इच्छाकामना सडक स्तरोन्नती | इ.गा.पा.-५ | २ करोड | |
| ३९. | फोक्सिङ खोला साठीमुरे पामडाँडा सडक स्तरोन्नती | इ.गा.पा.-५ | ५० लाख | |
| ४०. | जलबिरे ढुङ्ग्रे सडक स्तरोन्नती | इ.गा.पा.-६ | २ करोड | |
| ४१. | कालीखोला आधामारा सडक स्तरोन्नती | इ.गा.पा.-६ | १ करोड | |
| ४२. | भालुढुङ्गा खानीगाउँ सडक स्तरोन्नती | इ.गा.पा.-६ | ५० लाख | |
| ४३. | सिमलढाप धमिलीखोला भरतपुर-११,जखेडीमाई सडक कालोपत्रे | इ.गा.पा.-७ | १२ करोड | ७ नं. वडा कार्यालयसम्म जाने सडक,DPR समेत भएको |
| ४४. | पिपलटार चेपुवाभिर दाहाखानी भञ्याङ सडक स्तरोन्नती | इ.गा.पा.-७ | १ करोड | निरन्तरताको लागि |
| ४५. | टयाङ्कीचोक गुरुङगुम्बा नयाँबस्ती सडक स्तरोन्नती | इ.गा.पा.-७ | १ करोड | |
| ४६. | एक वडा एक पशु क्लिनिक सञ्चालन कार्यक्रम सञ्चालन गर्ने तथा ल्याव उपकरण खरिद | इ गा पा ४ | ४५ लाख | भवन निर्माण भएको तर सञ्चालन नभएको |
| ४७. | पशु एम्वुलेन्स ब्यवस्थापन | इ गा पा क्षेत्रभर | ५० लाख | दुर्गम भुगोलमा सेवा दिने प्रयोजन |
| ४८. | पशु प्रवर्धन कार्यक्रम | इ गा पा क्षेत्रभर | ५० लाख | गाउँपालिकालाई मासु र दुधमा आत्मनिर्भर बनाउन |
| ४९. | इच्छाकामना-७ र भरतपुर-११ जोड्ने धमिली खोला पुल निर्माण | इ.गा.पा.-७ | १ करोड | DPR समेत भएको |

**निर्णय नं.१०:** वडा नं. ६ मा रहेको चण्डिभञ्ज्याङ्ग सामाजिक उद्यमी महिला सहकारी संस्था लि. लाई रैथाने बाली संरक्षण तथा तथा प्रबर्द्धन कार्यक्रमबाट बेसार खेती सहयोगका लागि ५०% लागत साझेदारीमा रु. १,००,०००।-(अक्षेरेपि एक लाख मात्र) नबढ्ने गरी अनुदान उपलब्ध गराउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

दान बहादुर गुरुङ
गाउँपालिका अध्यक्ष